# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, फागुन १२ गते २०५७ साल (अतिरिक्ताङ्क ६१

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट गरिबक्सने मित्र राष्ट्र जनवादी गणतन्त्र चीनको राजकीय भ्रमणका सिलसिलामा मौसूफहरूका सवारी साथ माननीय परराष्ट्र मन्त्री श्री चक्रप्रसाद बाँस्तोला २०५७ साल फागुन १५ गते सम्मिलित भै जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्थानीय विकास मन्त्री श्री गोविन्दराज जोशीले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीश श्री केशवप्रसाद उपाध्याय २०५७ साल फागुन १३ गते देखि १५ गतेसम्म भारतको कर्णाटक राज्यको बंगलोरमा हुने "Judicial Group on Strengthening Judicial Integrity" विषयक सम्मेलनमा सहभागी हुन आज त्यसतर्फ जानु भएकोले उहाँ फर्की अदालतमा हाजीर नभएसम्मको अवधिका लागि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याललाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम कायम मुकायम प्रधान न्यायाधीश भई कामकाज गर्न तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।